# रम्भा गाउँपालिका, पाल्पा,

## लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण ,प्रतिवेदन २०७९




**आर्थिक तथा प्राविधिक सहयोग**

**प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**लुम्बिनि प्रदेश, सुशासन केन्द्र,**

**नेपालगञ्ज, बाके**

**संयोजन**

**रम्भा गाउँपालिका, पाल्पा,**

**सहजकर्ता**

**के.एम.विल्ट प्रा.ली**

विषय सूची

परिचय खण्ड
१. पृष्ठभूमि 3
२. अध्ययनको महत्व 3
३. लैससास परीक्षणको उद्देश्यहरु 4
४. लैससास परीक्षणले समेटने क्षेत्रहरु , 5
५. लैससास परीक्षणको विधि र तरिका ट
६. लैससास परीक्षणका सहभागीहरु 8

तथ्याँङ्क प्रस्तुतिकरण खण्ड
७ .तथ्याँक प्रस्तुतिकरण र व्याख्या (विभिन्न तालिकाहरुमा) १२

विश्लेषण खण्ड
८ लैससास परीक्षण विश्लेषण औजारहरु 13
९ तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण 13

मुख्य उपलब्धि
१०. लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था 17
१०.१ .परीक्षण पश्चात् प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा
१०.२ .लैससास परीक्षण नतिजाको माकुरे जालो
११ .गाउँपालिका /नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नपर्ने पक्षहरु 24

१२. लैससास विकास कार्ययोजना २५

निश्कर्ष
सुझाव

अनुसुचिहरु

# परिचय खण्ड

## १. पृष्ठभूमी

नेपालको संविधानको प्रस्तावनामा लैंङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । महिलाको हक सम्बन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतको रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागीताको अधिकार स्थापना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ । त्यसैगरी वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्यांक अध्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन गर्ने, विकास कार्य अन्तर्गत बालविवाह, बहु-विवाह, लैंगिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिनुले लै.स.सा.स प्रवर्द्धन गर्ने व्यवस्था गरिएको बुझिन्छ ।

समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको व्यवस्था अनुसार स्थानीय सरकारहरूले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र लै. स. सा. स परीक्षण गरी सक्नुपर्छ । लैससास परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय सरकारले एक कार्यदल गठन समेत गर्नुपर्दछ ।

यसै सन्दर्भमा स्थानीय सरकारले यस प्रावधान अनुसार स्थानीय सरकारले आफनो क्षेत्रमा रहेको महिला, दलित, जनजाति तथा पिछडिएका वर्गहरुको विकासका लागि केही प्रयासहरु पनि छन । स्थानीय तहले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्र भएका प्रगतिलाई संस्थागत गर्न र यसलाई अझ प्रभावकारी ढंगले अगाडी बढाउनको लागि तत सम्बन्धी नीति तथा कानुन तर्जुमा बनाउन आवश्यक छ । साथै स्थानीय तहले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्र गरेको प्रयासलाई नियमितरुपमा परिक्षण गर्न जरुरी छ ।

## २. अध्ययनको महत्व

नेपालको संविधानले समाजमा विद्यामान सबै  प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने प्रतिवद्धता जनाएको छ । साथै संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी

आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प लिएको छ ।

संविधानले आत्मसाथ गरेको लैससास सम्बन्धी मुल्य र मान्यतालाई व्यवहारमा उतार्नको लागि सबै स्थानीय सरकारको भुमिका महत्वपुर्ण छ । यसको लागि स्थानीय सरकारले योजनाबद्ध तरिका काम गर्न जरुरी छ । स्थानीय सरकार नागरिकसंग प्रत्यक्ष सहभागितामा र नजिक भएर कार्य गर्न राज्यको एक अंग हो । यसको लागि स्थानीय सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण को क्षेत्रमा विगतमा गरेको कार्यहरुलाई फर्केर हेर्न जरुरी छ अर्थात लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गरी गर्नु जरुरी छ । यस परिक्षणले गाउँपालिका लैससासको विद्यमान अवस्थाको जानकारीका हुनुका साथै स्थानीय तहगत तथा मुलुकको समग्र लैससास सम्बन्धी समस्या र चुनौतिहरुको पहिचान गरी यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मूल्याङ्कन गर्दै नीतिगत पृष्ठपोषण लिन मार्गनिर्देश गर्छ । साथै परिक्षणले समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न मद्दत पुग्छ ।

## ३. लैससास परीक्षणको उद्देश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य यसको प्रयोगलाई सरलीकृतरुपमा स्थानीयकरण गरी स्थानीय तहले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका प्रमुख उद्देश्यहरु यस प्रकार छन:

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समावेशी गरी लैगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लैससास परीक्षणले समेटने क्षेत्रहरु

लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रहरु भित्र विभिन्न २२ वटा उप विषयक्षेत्र र सो अन्तर्गत १०० वटा सूचकहरु रहेका छन उक्त विषय क्षेत्रहरु र उप विषय क्षेत्रहरु निम्नानुसार रहेको छ ।

| **मूल विषय** | **सहायक बिषय** |
|---|---|
| नीति, कानून, योजना | नीति र कानूनमा समावेशिता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत व्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्यप्रणाली समावेशी |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क सङकलन तथा व्यवस्थापन |
| मानव संसाधन तथा क्षमता विकास | मानव संसाधन तथा क्षमता विकास |
| | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना |
| | कानूनी साक्षरता |
| | विपद व्यवस्थापनमा समावेशिता |
| सेवा प्रवाह | पूर्वाधारविकास |
| | नीति र कानूनमा समावेशिता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| सुशासन तथा उत्तरदायित्व | कार्यप्रणाली समावेशी |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क सङकलन तथा व्यवस्थापन |
| | मानव संसाधन तथा क्षमता विकास |

## ५. लैससास परीक्षणको विधि र तरिका

लैंगिक परिक्षणका लागि यस रम्भा गाउँपालिकासँग प्रारम्भिक समन्वय पश्चात पालिकामा आइ लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार ३ वटा चरणहरु पार गरी कार्य सम्पन्न गरिएको छ । ती चरणहरुमा :

### (क) तयारी चरण

यस तयारी चरणमा सर्वप्रथम प्रमुख सहजकर्ता बाट पालिकामा आई प्रमुख प्रशासकिय अधिकृत र सूचना अधिकारीसँग अन्तरक्रिया गरि लैङ्गिक परिक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो भने सो क्रममा निर्देशिकामा उल्लेख भए अनुसार गाउँपालिका उपाध्यक्षको नेतृत्वमा ५ सदस्यीय कार्यदल गठन गरि लैंगिक परिक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण तयारीका कामहरु सम्पन्न गरिएको थियो । जसमा सर्वप्रथम यस गाँउपालिकामा लैससास परिक्षण कार्यलाई पूर्ण प्रभावकारी बनाउन निम्नानुसारको लैससास कार्यदल गठन गरिएको थियो ।

रम्भा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण अघि सो पालिकासंग समन्वय गरी निम्न सदस्य रहने गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिलाई पुर्नगठन गरियो ।

| | |
|---|---|
| श्री बिष्णु प्रसाद भण्डारी, गा.प अध्यक्ष | संयोजक |
| श्री राधा कुमारी श्रेष्ठ, उपप्रमुख | सदस्य |
| श्री भक्तु जङ्ग राणा, प्र.प्र.अ | सदस्य |
| श्री नानुमाया गन्धर्भ, का.स | सदस्य |
| श्री बुद्धिमान सार्की, अपाङ्गता भएको संस्थाप्रनिति | सदस्य |
| श्री अन्जुदेवी तिमलसिना, नागरिक समाज प्रतिनिधि | सदस्य |
| श्री कमला अर्याल, महिला तथा बालबालिका प्रमुख | सदस्य सचिव |

लैससास परिक्षणलाई निरन्तरता दिनका लागि पालिकाको उपाध्यक्षको संयोजकत्वमा निम्न ३ सदस्य रहेको कार्यदल गठन गरिएको थियो ।

| | |
|---|---|
| श्री राधाकुमारी श्रेष्ठ, उपाध्यक्ष | संयोजक |
| श्री विमला गैरे, अधिकृत | सदस्य |
| श्री कमला अर्याल, महिला तथा बालिका प्रमुख | सदस्य |

यस तयारी चरणमा सर्वप्रथम प्रमुख सहजकर्ताबाट पालिकामा आई प्रमुख प्रशासकिय अधिकृत र अन्तरक्रिया गरी लैंगिक परिक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो । सोही दिन गत वर्षमा गठन गरिएको लैससास समितिलाई पुर्नगठन गरियो ।

यसका साथै पालिकाबाट बार्षिक योजना, क्षेत्रगत योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षा, विकास बुलेटिन, पालिकाको प्रोफाइल आदि दस्तावेजहरु संकलन गरिएका थिए । साथै पालिकाको नीति कानुन, कार्यविधि, निर्देशिका यी दस्तावेजहरु अध्ययन गरी आएको तथ्यलाई संलग्न गरी प्रशिक्षकले प्रस्तुतीको तयार गरिएको थियो ।

### (ख) कार्यान्वयन चरण

- प्रारम्भिक सूचना संकलन

गाउँपालिकामा लैंगिक समानता र सामाजिक समावेशीकरणका लागि भए गरेका कार्य प्रगतिहरुका विषयमा जानकारी लिनका लागि प्रमुख सहजकर्ताले नगरप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, महिला तथा बालबालिका शाखा प्रमुख, लेखा शाखा र सूचना अधिकारीसँग प्रत्यक्ष छलफल गरी सूचनाहरु संकलन गरेका थिए ।

- *कार्यशाला सञ्चालन*

गाउँपालिकामा कार्यरत कर्मचारीहरु र पदाधिकारीहरुसँग अन्तरक्रियात्मक छलफल गर्ने र सोको आधारमा सहभागीहरुले लैंगिक परिक्षण गर्ने उद्देश्यले प्रमुख सहजकर्ताको नेतृत्वमा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यक्रम पालिकाको बैठक कक्षमा नगर प्रमुखको अध्यक्षतामा सम्पन्न गरिएको थियो । सहभागीहरुलाई लैंगिक समानता र सामाजिक समावेशीकरण भनेको के हो, लैससासको परिक्षणको प्रक्रिया र लैससास परीक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरे लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण किन र कसरी भन्ने विषयमा अनुशिक्षण गरिएको थियो ।

- *प्रश्नावलीहरुमा अंक प्रदान*

लैससास परीक्षण दिग्दर्शन २०७८ अनुरुपका मूल विषय वस्तुका २२ वटा उपशिर्षक र त्यसको १०० वटा सुचकहरुलाई सहजकर्ताले प्रोजेक्टरमा प्रस्तुत गरी  सामूहिक छलफल गरि सहमतिमा अंक प्रदान गर्न सहजीकरण गरिएको थियो । निर्देशिका अनुसार १, ०.५ र ० अंकको महत्वका बारेमा प्रष्ट पारी सहजीकरण गरिएको थियो ।

- *माकुरी जालो तयार*

अंक प्रदान गरे पश्चात उनिहरुले दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो र सो को आधारमा सहभागीहरुलाई लैंगिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा पालिकाले गरेका पहलहरुमा आधारित भइ सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीको विश्लेषण गरिएको थियो ।

- *पालिकाको सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतिको विश्लेषण*

सहभागीहरुले लैससास परिक्षणको सुचकहरु अध्ययन गरी अंक प्रदान गरे पश्चात पाचवटा समुहमा सहभागीलाई विभाजन गरी लैंगिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा पालिकामा भएका अभ्यासहरुमा सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफल गरिएको थियो ।

- *लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षणमा अनुसार आगामी दिनमा गर्ने कार्ययोजना तयार*

माकुरी जालोमा प्राप्त परिणामका आधारमा सवल पक्षहरुलाई अझ राम्रो गर्दै जाने र सुधार गर्नु पर्ने पक्षलाई समेट्ने गरि बार्षिक कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा गर्नु पर्ने काम, जिम्मेवारी, समय र लागत अनुमान गरिएको छ ।

### (ग) प्रतिवेदन चरण

सहभागीहरुले प्रश्नावलीहरुमा दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो भने सो माकुरी जालो सहभागीहरुसँग प्रस्तुत गरेर सवल पक्ष र सुधारात्मक पक्षहरुलाई औल्याइ सवल पक्षहरुलाई अझ राम्रोसँग अगाडि बढाउन र सुधारात्मक पक्षहरुलाई कार्यान्वय गर्नका लागि काम, जिम्मेवारी, समय सीमा र अनुमानित लागतको आधारमा कार्ययोजना तयार गर्ने काम सम्पन्न गरियो । सो आधारमा समग्र लैंगिक परिक्षणको प्रक्रियालाई दस्तावेजीकरण गर्ने उद्देश्यले कार्य सम्पन्न प्राविधिक प्रतिवेदन तयार गरियो ।

## ६. लैससास परीक्षणका सहभागीहरु

| क्र.स | स्थानीय तहको नाम | लिङ्ग | | | | | | | | | सामाजिक समावेशिकरण | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनप्रतिनिधि | | | कर्मचारी | | | अन्य | | | बा. क्षे.ठ. | जनजाति पहाड /तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु | हिमाल | पहाड | तराई | |
| | | म | पु | अन्य | म | पु | अन्य | म | पु | अन्य | | | | | | | | | | | |
| १ | विष्णु प्रसाद भण्डारी, गा.प अध्यक्ष | | √ | | | | | | | | √ | | | | | | | | √ | | |
| २ | राधाकुमारी श्रेष्ठ, गा.प उपाध्यक्ष | √ | | | | | | | | | | √ | | | | | | | √ | | |
| ३ | भक्तु जंङ राना, प्र.प्र.अ | | | | | √ | | | | | | √ | | | | | | | √ | | |
| ४ | चेत बहादुर सुनारी, वडाध्यक्ष २ | | √ | | | | | | | | √ | | | | | | | | √ | | |
| ५ | थमन बहादुर गाहा, वडाध्यक्ष ३ | | √ | | | | | | | | | √ | | | | | | | √ | | |
| ६ | नानुमाया गन्धर्व, कार्यपालिका सदस्य | √ | | | | | | | | | | | √ | | | | | | √ | | |
| ७ | मनिसरा बराल, वडा सदस्य, | √ | | | | | | | | | √ | | | | | | | | √ | | |
| ८ | पुजा गुरुङ, कृषि प्राविधिक | | | | √ | | | | | | | √ | | | | | | | √ | | |
| ९ | विमला गैरे, अधिकृत | | | | √ | | | | | | √ | | | | | | | | √ | | |
| १० | धनीकला थापा, अधिकृत | | | | √ | | | | | | √ | | | | | | | | √ | | |
| ११ | हुमा खनाल, सहायक पाचौ | | | | √ | | | | | | √ | | | | | | | | √ | | |

| क्र.स | स्थानीय तहको नाम | लिङ्ग | | | | | | | | | सामाजिक समावेशिकरण | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनप्रतिनिधि | | | कर्मचारी | | | अन्य | | | बा. क्षे.ठ. | जनजाति पहाड /तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु | हिमाल | पहाड | तराई | |
| | | म | पु | अन्य | म | पु | अन्य | म | पु | अन्य | | | | | | | | | | | |
| १२ | गीता नेपाल, सहायक पाचौ | | | | √ | | | | | | √ | | | | | | | | √ | | |
| १३ | सुरज पाठक, आई टि अफिसर | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| १४ | बुद्धिमान सारु, अपांगता भएको व्यक्ति | | | | | | √ | | | | | | √ | | | | √ | | √ | | |
| १५ | मीन बहादुर कार्की | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| १६ | मदन बहादुर विष्ट, ना.पसे | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| १७ | मुक्ति प्रसाद अधिकारी, पाचौ तह | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| १८ | शिवराज पौडेल, कम्युटर अपरेटर | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| १९ | नारायण भुषाल, हसच | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| २० | किर्तान शर्मा, कास | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| २१ | मिना नेपाली, कास | | | | √ | | | | | | | | √ | | | | | | √ | | |
| २२ | नर्मता नेपाली, | | | | √ | | | | | | | | √ | | | | | | √ | | |
| २३ | अनिता नेपाली | | | | √ | | | | | | | | √ | | | | | | √ | | |
| २४ | विष्णु प्रसाद पौडेल, प्रास | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| २५ | गंगा अर्याल, फिल्ड सहायक | | | | √ | | | | | | √ | | | | | | | | √ | | |
| २६ | जिवन अर्याल, सव इं. | | | | | √ | | | | | √ | | | | | | | | √ | | |

| क्र.स | स्थानीय तहको नाम | लिङ्ग | | | | | | | | | सामाजिक समावेशिकरण | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनप्रतिनिधि | | | कर्मचारी | | | अन्य | | | बा. क्षे.ठ. | जनजाति पहाड /तराई | दलित पहाड/ तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु | हिमाल | पहाड | तराई | |
| | | म | पु | अन्य | म | पु | अन्य | म | पु | अन्य | | | | | | | | | | | |
| २७ | पोष्टराज न्यौपाने, लेखा अधिकृत | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| २८ | डोलराज बस्याल, लेखापाल | | | | | √ | | | | | √ | | | | | | | | √ | | |
| | **जम्मा** | ३ | ३ | | ९ | १२ | | | १ | | १९ | ४ | ४ | | | | १ | | २८ | | |

**जनप्रतिनिधिको संख्याः ६** **कर्मचारीको संख्याः २१** **अपाङ्गता भएका व्यक्तिको सहभागीको संख्याः १**

# तथ्यांक प्रस्तुतीकरण खण्ड

## ७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या खण्ड

रम्भा गाउँपालिकाको लैससास परिक्षण पाँच वटा मुल विषयमा गरिएको थियो । उक्त परिक्षण गर्दा सबै बढि अंक १६ सेवा प्रवाहमा प्राप्त भएको छ । त्यस्तै गरी सुशासन तथा उत्तरदायित्वमा १२, मानव संसाधन तथा क्षमता विकासमा १२, नीति कानुन योजनमा ११ र संस्थागत व्यवस्थामा ८ अंक प्राप्त भएको छ। पाँच वटा मुल शिर्षकलाई हेर्दा सबै भन्दा बढि अंक सेवा प्रवाह र सबै भन्दा कम्ति अर्थात कम्जोर पक्ष संस्थागत व्यवस्था मुल शिर्षक रहेको छ ।




त्यस्तै गरी २२ वटा उपशिर्षकमा छलफल गर्दा प्रजनन स्वास्थ्यमा ४ पुर्णाङ्कमा ३.५ अकं अर्थात सबै भन्दा बढी र कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्वको ४ पुर्णाङ्कमा ०.५ अंक अर्थात सबै भन्दा कम अंक प्राप्त भएको छ ।



**विश्लेषण खण्ड**

## ८ . लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८मा उल्लेख गरिएका प्रमुख ५ वटा मुख्य विषयहरुमा २२ वटा सहायक विषयहरुका १०० वटा सूचकहरुले प्राप्त गरेका अंकहरुको विश्लेषण गरिएको थियो । एउटा मुख्य विषयमा २० वटा सूचकहरु रहेका थिए । जस्ले गर्दा एउटा मुख्य विषयको अंकभार २० रहेको छ । १०० वटा सूचकहरुका प्रमाणीकरणका आधारहरुमाथि छलफल गर्दै विश्लेषण गरिएको थियो । सोहि विश्लेषणका आधारमा सूचकहरुमा अंकभार दिइएको थियो । मुख्य विषयहरुले कति कति अंक प्राप्त गरे भनेर छलफल गरी माकुरे जालो विधिबाट र तालिका मार्फत पनि विश्लेषण गरिएको थियो ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण गर्दा निम्न औजारहरु प्रयोग गरिएको थियो :

- लैससास परिक्षणका विश्लेषण औजारहरू
- दस्तावेज समिक्षा
- प्रमुख व्यक्तिहरुसँग छलफल
- कार्यशाला संचालन (सुचकहरुको लेखाजोखा)
- माकुरे जालो तथा विभिन्न तालिका प्रस्तुत
- सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती SWOT analysis
- कार्ययोजना तयार
- प्रतिवेदन तयार

## ९तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण .

रम्भा गाउँपालिकाको लैससास परिक्षण छलफल र तथ्यगत आधारमा छलफल गरी अंक प्रदान गरिएको थियो । उक्त छलफल अनुसार यस वर्ष पालिको अंक ५९.५ हुन पुगेको छ । यो अंक विगत भन्दा १० अंकले घटी हो । यस वर्ष परिक्षण गर्दा सेवा प्रवाहमा १.५ अंकले बृद्धि भएको छ भने अन्य मुल शिर्षकमा घटेको पाइयो ।

| क्र.स. | सूचक र उप( सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क (२०७७/२०७८) | प्राप्ताङ्क (२०७८/२०७९) |
|---|---|---|---|---|
| १ | १.१.१ - १.१.८, १.२.१ - १.२.८, १.३.१ - १.३.४ | २० | १२ | १०.५ |
| २ | २.१.१ - २.१.४, २.२.१ - २.२.४, २.३.१ - २.३.४, २.४.१ - २.४.४, २.५.१ - २.५.४ | २० | १४ | ९ |
| ३ | ३.१.१ - ३.१.८, ३.२.१ - ३.२.४, ३.३.१ - ३.३.४, ३.४.१ - ३.४.४ | २० | १३ | १२ |
| ४ | ४.१.१ - ४.१.४, ४.२.१ - ४.२.४, ४.३.१ - ४.३.४, ४.४.१ - ४.४.४, ४.५.१ - ४.५.४ | २० | १४.५ | १६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ५.१.१ - ५.१.४, ५.२.१ - ५.२.४, ५.३.१ -५.३.४, ५.४.१ -५.४.४, ५.५.१ -५.५.४ | २० | १६ | १२ |
| | जम्मा | १०० | ६९.५ | ५९.५ |

१०० वटा सुचकहरुमा प्राप्त अंकलाई २२ वटा उपशिर्षमा हेर्दा निम्नानुसार रहेको देखियो ।

| सिनं | सहायक बिषय | अङ्क | प्राप्तङ्क (२०७७/२०७८) | प्राप्ताङ्क (२०७८/२०७९) |
|---|---|---|---|---|
| १ | नीति र कानूनमा समावेशिता र सहभागिता | ८ | 4.5 | ३.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | 4.5 | ४.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | 3 | २.५ |
| ४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | 2.5 | ०.५ |
| ५ | कार्य प्रणाली समावेशी | ४ | 3 | १.५ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | 2.5 | २ |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | 3.5 | २ |
| ८ | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ४ | 2.5 | ३ |
| ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | 3.5 | ३ |
| १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ४ | 3 | ३ |
| ११ | कानूनी साक्षरता | ४ | 3 | ३ |
| १२ | विपद व्यवस्थापनमा समावेशिता | ४ | 3.5 | ३ |
| १३ | पूर्वाधार विकास | ४ | 2.5 | ३ |
| १४ | प्रजनन स्वास्थ्य | ४ | 3 | ३.५ |
| १५ | शिक्षा कार्यक्रम | ४ | 3 | ३ |
| १६ | खानेपानी तथा सरसफाइ | ४ | 2.5 | ३.५ |
| १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | 3.5 | ३ |
| १८ | सुशासन | ४ | 3 | २ |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | 3.5 | २.५ |

| | | | | |
|---|---|---|---|---|
| २० | सूचना तथा संचार | ४ | 3 | २.५ |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | 3.5 | ३ |
| २२ | समन्वय र सम्बन्ध बिस्तार | ४ | 3 | २ |

**गत वर्ष र यो वर्षको परीक्षणको तुलनात्मक विश्लेषण**

रम्भा गाउँपालिकाको लैससास परिक्षण गर्दा गत वर्ष भन्दा यस वर्ष १० अंक घटेको भेटियो । अंक घट्नुको मुल कारण लैससास मैत्री नीति हेर्ने टोली गठन नहुन, लैससास दृष्टिकोणले नीतिहरुको अध्ययन नहुनु, पालिकाको निर्णायक तहमा लक्षित वर्गको प्रतिनिधित्व कम हुनु, पालिकाले स्यानीटरी प्याड वितरणको प्रभावकारिता मुल्यांकन नगर्नु, पालिकाले चौमासिक रुपमा सार्वजनिक सुनवाई र बार्षिकरुपमा पालिकाको सामाजिक परिक्षण नगर्नु आदि रहेको छ ।

| क्र.स | मुख्य सुचक | आ. व. | | आ. व. | | क्र.सं | उप सुचक | आ. व. (२०७७/०७८) | | आ. व. (२०७८/०७९) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल अकं | प्राप्ताङ्क | कुल अकं | प्राप्ताङ्क | | | कुल अकं | प्राप्ताक | कुल अकं | प्राप्ताक |
| १ | **निती, कानुन, योजना** | २० | | २० | | १.१ | 6.5 | ८ | 4.5 | ८ | ३.५ |
| | | | | | | १.२ | ५ | ८ | 4.5 | ८ | ४.५ |
| | | | | | | १.३ | १ | ४ | 3 | ४ | २.५ |
| कुल प्राप्ताङ्क | | | | | | | | २० | १२ | १२.५ | **१०.५** |
| २ | **सस्थागत व्यवस्था** | २० | | २० | | २.१ | २.५ | ४ | 2.5 | ४ | ०.५ |
| | | | | | | २.२ | २.५ | ४ | 3 | ४ | १.५ |
| | | | | | | २.३ | २ | ४ | 2.5 | ४ | २ |
| | | | | | | २.४ | ३ | ४ | 3.5 | ४ | २ |
| | | | | | | २.५ | २ | ४ | 2.5 | ४ | ३ |
| प्राप्ताङ्क | | | | | | | | २० | १४ | १२ | **९** |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | २० | | २० | | ३.१ | ५ | ८ | 3.5 | ८ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ३.२ | ३.५ | ४ | 3 | ४ | ३ |
| | | | | | | ३.३ | ३ | ४ | 3 | ४ | ३ |
| | | | | | | ३.४ | ३ | ४ | 3.5 | ४ | ३ |
| प्राप्ताङ्क | | | | | | | | २० | १३ | १४.५ | १२ |
| ४ | **सेवा प्रवाह** | २० | | २० | | ४.१ | ३.५ | ४ | 2.5 | ४ | ३ |
| | | | | | | ४.२ | २ | ४ | 3 | ४ | ३.५ |
| | | | | | | ४.३ | ४ | ४ | 3 | ४ | ३ |
| | | | | | | ४.४ | ४ | ४ | 2.5 | ४ | ३.५ |
| | | | | | | ४.५ | २.५ | ४ | 3.5 | ४ | ३ |
| प्राप्ताङ्क | | | | | | | | २० | १४.५ | १६ | १६ |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | २० | | २० | | ५.१ | ३ | ४ | 3 | ४ | २ |
| | | | | | | ५.२ | २ | ४ | 3.5 | ४ | २.५ |
| | | | | | | ५.३ | ४ | ४ | 3 | ४ | २.५ |
| | | | | | | ५.४ | ३ | ४ | 3.5 | ४ | ३ |
| | | | | | | ५.५ | ३ | ४ | 3 | ४ | २ |
| प्रापताङ्क | | | | | | कुल प्रापताङ्क | | | 16 | | १२ |
| कुल जम्मा | | | | | | जम्मा | | १०० | 69.5 | १०० | ५९.५ |

मुख्य उपलब्धि (Findings)

## १०. लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

**१०**.१ .परीक्षण पश्चात् प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा

| विषय | पूर्णअक | प्राप्तअंक |
|---|---|---|
| नीति कानून योजना | २० | १०.५ |
| सस्थागत व्यवस्था | २० | ९ |
| मानव संसाधन तथा क्षमता विकास | २० | १२ |
| सेवा प्रवाह | २० | १६ |
| सुशासन तथा उत्तरदायित्व | २० | १२ |
| जम्मा प्राप्तांक | १०० | ५९.५ |

मुल सेवा प्रवाहमा विषयमा सबै भन्दा बढी १६ अंक अर्थात ८० प्रतिशत प्राप्त भएको छ । सेवा प्रवाहमा विशेष गरेर महिला तथा पछि परेका समुदायहरुलाई परम्परागत तथा आधुनिक उर्जाको प्रयोग गरी वातावरण संरक्षणमा ध्यान दिएको जस्तैः सुधारिएको धुवारहित चुलो बितरण गरेको छ । त्यस्तै गरी परिवार नियोजन, मातृशिशु कल्याण योजना, पोषण, जनसख्या लगायत महिलाको स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन आदी रहेको छ । त्यस्तै गरी सेवा प्रवाहमा सुधार गर्नु स्थानहरु धेरै देखिएको छन । जस्तैः कुहिने नकुहिने फोहोरहरुको व्यवस्थापन, गरिबि र बन्चितिकरणमा परेको पहुच र क्रय अनुसार सुपथ मुल्य सहकारी पसल व्यवस्थापन आदी ।

त्यस्तै गरी सुशासन तथा उत्तरदायित्वमा १२ अंक अर्थात ६० प्रतिशत रहेको छ । यसको राम्रो पक्षहरुमा स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको, स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको आदी रहेका छन । त्यस्तै गरी सुधार गर्नु पर्ने पक्षमा सुशासन प्रवर्द्धन कार्यविधि बनाउनु पर्ने, पालिकाको समाजिक परिक्षण गर्नु पर्ने आदी रहेका छन ।

मानव संसाधन तथा क्षमता विकास १२ अंक अर्थात ६० प्रतिशत रहेको छ । यसका सवल पक्षहरुमा पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत रहेको, महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन हुने गरेको, महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरीकार्यक्रम समयैमा सम्पन्न हुने गरेको आदी रहेको छ । त्यस्तै गरी सुधार गर्नु पर्ने पक्षहरुमा लैङ्गिक तथासमावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने, पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्ने रहेको छ ।

त्यस्तै गरी गाउँपालिकाले नीति, कानुन र योजनामा १०.५ अंक अर्थात ५५ प्रतिशत अंक प्राप्त गरेको छ । यस नीति, कानुन र योजनामा संघीय कानूनले व्यवस्था गरे बमोजिम पालिकामा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहिअनुरूप कार्यान्वयन हुने गरेको, महिला र पुरूषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको आदी । त्यस्तै गरी यसका कम्जोर पक्षहरु भनेको लैससासमैत्री नीति निर्माण गर्न टोली गठन नभएको, लैससास परिक्षण नभएको आदी

संस्थागत व्यवस्थामा अन्य मुल शिर्षक भन्दा कम ९ अंक अर्थात ४५ प्रतिशत रहेको छ । यसको सवल पक्षहरुमा पालिकाबाट  कार्यालयमा हुन सक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव महिलाहिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरेको, पालिकामा महिला विकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि लागि  बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना भएको आदी रहेको छ । त्यस्तै गरी सुधार गर्नु पर्ने पक्षहरुमा लैङ्गिकमैत्री कर्मचारी भर्ना सम्बन्धी नियमावली बनाउने, विषयगत शाखाका कर्मचारी सांकेतिक भाषा र विशेष गरेर मगर भाषामा तालिम प्रदान गर्ने आदी रहेको छ ।

## १०.२ .लैससास परीक्षण नतिजाको माकुरे जालो




नीति र कानुनमा...
योजना तर्जुमा तथा...
बजेट तर्जुमा तथा...
कर्मचारी पदाधिकारी...
कार्यप्रणालि समावेशि
समिति उपसमिति र...
वित्त ब्यवस्थापन...
तथ्याङ्क संकलन तथा...
मानव संसाधन तथा...
अनौपचारीक मूल्य...
काननी साक्षरता
विपत ब्यवस्थापनामा...
पूर्वाधार विकास
प्रजनन स्जास्थ्य
शिक्षा कार्यक्रम
खानेपानि तथा सरसफाई
स्वरोजगार तथा आय...
सुशासन
उत्तरदायित्व र...
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध विस्तार
पूर्णअक
प्राप्तअंक

## ११. रम्भा गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष, सुधार गर्नपर्ने पक्ष, अवसर र चुनौति

| मूल शोर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | • गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा लक्षित वर्गलाई समेटेको ।<br>• गाउँपालिकामा न्यायिक समिति मार्फत महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने गरेको ।<br>• समान कामको लागि महिला र पुरूषलाई समान ज्याला दिएको<br>• योजना तर्जुमागर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको आवश्यकता पहिचान गरी समाधानको लागि छलफल भएको<br>• गाउँपालिकाको योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको | • लैससास मैत्री टोली निर्माण गरी आगामी दिनमा बन्ने र बनेका कानुनहरुको विश्लेषण गर्नु पर्ने ।<br>• पालिकाको आवधिक र बार्षिक नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कुराहरू समावेश गराउनु पर्ने<br>• स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्न लैससास नीति कार्यान्वयन गर्नु पर्ने<br>• पालिकाले रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्न श्रम व्यवस्थापन कार्यविधि बनाउनु पर्ने<br>• आवधिक योजना निर्माण गरी योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गर्ने<br>• योजना तर्जुमागर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने<br>• स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानतालाई स्थानीयकरण गरी स्थानीयकरण गरी बजेट विनियोजन गर्ने | • महिला तथा पिछडिएका समुदायहरुलाई स्थानीय स्तरमै कानुन निर्माण गरी सहभागी गराउने अवसर रहेको<br>• स्थानीय कर्मचारी र जनप्रतिनिधिहरुको यस बिषयमा प्रतिबद्धता रहेको<br>• कानुनीले लक्षित बर्ग पहिँचान गरी उनिहरुको सम्बैधानिक तथा मौलिक हकका बारेमा स्पष्ट व्यवस्था गरेको ।<br>• लक्षित बर्गसंग योजना कार्यान्वयन गर्न सजिलो हुने ।<br>• लैससास सम्वन्धमा स्थानीय सरकारले कानुन बनाई कार्यान्वयन गर्न सकिने ।<br>• बिभिन्न कार्यक्रमबाट लक्षित समुदायको चेतनास्तर बृद्धि हुदै गएको । | • नीति निर्मातामा इच्छा शक्तिको कमी<br>• लक्षित वर्गको हित प्रति जनप्रतिनिधिको प्राथमिकता कम<br>• पर्याप्त बजेट तथा आन्तरीक स्रोत नहुनु, मानविय श्रोतको कमी,<br>• बिभेदमा रहेका बर्ग तथा समुदायलाई सशक्तिकरण गर्न तथा उत्प्रेरीत गर्न<br>• लक्षित बर्ग समुदायको सहभागिता लगायत अधिकार सुनिश्चित गर्न लैससास बिषयमा क्षमता बिकासको अभाव ।<br>• संघिय कानुमा व्यबस्था भए बमोजिम स्थानीयकरण गर्न स्थानीय सरकार लैससास बिषय प्रति गम्भीर हुन नसक्नु<br>• लैससास विषयलाई सहज रुपमा स्वीकार्न नसक्नु ।<br>• जनप्रतिनिधी तथा कर्मचारीहरुमा लैंससास बिषयको ब्यापक जानकारी गराउन नसक्नु । |
| संस्थागत व्यवस्था | • गाउँपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका | • लैङ्गिकमैत्री कर्मचारी भर्ना सम्बन्धी नियमावली बनाउने<br>• पालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीको लैङ्गिक समानता कायम गर्न नीति बनाउनु पर्ने | • पालिकाको कर्मचारी प्रशासन नियमावलीलाई समावेशी बनाउन सक्ने,<br>• लैसासास मैत्री क्षमता विकास योजना निर्माण | • जनप्रतिनिधिको प्राथमिकता नपर्ने<br>• जनप्रतिनिधि र कर्मचारीबीचमा प्रभावकारी समन्वय अभाव |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भाग लिन पाएको ।<br>• गाउँपालिकाबाट कार्यालयमा हुन सक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव महिलाहिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरेको ।<br>• गाउँपालिकामा महिलाविकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धिको लागि कोष स्थापना भएको ।<br>• लक्षित वर्गको महिलाहरूको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको तथा उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको<br>• पालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गर्ने गरेको । | • विषयगत शाखाका कर्मचारी सांकेतिक भाषाको तालिम प्रदान गर्ने<br>• जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि सकरात्मक विभेदको नीति अवलम्बन गर्ने<br>• महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि पालिका लैससास रणनीति कार्यान्वयनमा ल्याउने<br>• पालिकामा लैङ्गिक विकास हेर्ने इकाईको स्थापना गर्नु पर्ने<br>• स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट समानुपातिक प्रतिनिधित्वहुने व्यवस्था नीतिगत रुपमा गर्ने<br>• पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायकोहितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने<br>• पालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे पनि कम्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने व्यवस्था गर्ने । | गरी बजेट विनियोजन गर्न सक्ने,<br>• लैङ्गिक विकास हेर्ने इकाईको स्थापना गर्ने सक्ने<br>• लक्षित वर्गका पदाधिकारी र कर्मचारी क्षमता अभिबृद्धिको लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्न सक्ने,<br>• स्थानीय सरकारले आवश्यक पर्ने संस्थागत व्यवस्था कार्यबिधि बनाई कार्यान्वयन गर्न सक्ने कानुनी अधिकार रहेको ।<br>• योजना तर्जुमा तथा कार्यान्वयन लैंगिक तथा समावेशी सहभागिता सुनिश्चित भएमा सेवा प्रवाह चुस्त दुरुस्त र छिटो छरितो हुने ।<br>• पालिकाले स्पष्ट नीति बनाई लैससासमैत्री भौतिक संरचना निर्माण गर्न गराउन निर्देशन गर्न सक्ने ।<br>• खण्डिकृत तथ्यांक अद्यावधीक गर्न सकेमा लक्षित समुदायको समस्या पहिँचान गर्न सहज हुने ।<br>• गाउँपालिकाले विकास योजना कार्यान्वयनका लागि बिभिन्न समिति उपसमिति र कार्यदलमा सबै पक्षको सहभागिता गराउन सकेमा स्थानीय बिकास प्रति अपनत्व र बिश्वास बृद्धि हने । | • संघ तथा प्रदेश स्तरमा निर्मित संरचनाहरुको स्थानीय संरचनासंग समन्वय गर्न<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुको समयमै स्थानीयकरण हुन नसक्नु ।<br>• पालिकाको आफ्नो आन्तरीक स्रोत कमी हुनु ।<br>• बञ्चितिकरणमा परेका समुदायका लागि निश्चित बजेट सिमा नतोकिनु ।<br>• सबै वडाहरुमा सबै प्रकारका खण्डिकृत तथ्यांक व्यबस्थापन नहुनु ।<br>• स्थानीय तहमा सम्बन्धित बिषय बिज्ञको अभाव ।<br>• पालिकामा प्रयाप्त जनशक्ति तथा बजेट व्यबस्थापन कमी हुनु |
| मानव संसाधन तथा क्षमता विकास | • गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय श्रोत रहेको ।<br>• तालिमका विषयवस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्वेदनशील भाषाको प्रयोग तथा महिलाका आवश्यकतासमेटिएको | • लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने<br>• पालिकाको सबै पदाधिकारी र कमर्चारीहरू र लक्षित वर्गलाई प्रदान गरिएको लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिमको प्रभाव मुल्यांकन गरी प्रतिवेदन तयार गर्ने<br>• पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा | • स्थानीय सरकारले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्न सक्ने,<br>• पालिकाले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्न सक्ने,<br>• कर्मचारी तथा जनप्रतिनिधिहरुका लागी | • पालिकाको क्षमता विकास योजना बनाई बजेट विनियोजन गर्न बजेटको अभाव<br>• लैङ्गिक संवेदनशिल कर्मचारी प्रशासन नियमावली बनाउन नेतृत्वको प्राथमिकतामा नपर्नु<br>• स्थानीय तहमा योग्य कर्मचारीको निरन्तरमा कमी |

| | | | | |
|---|---|---|---|---|
| | र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको ।<br>• महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन हुने गरेको ।<br>• महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम तोकिएको अवधिमा सम्पन्न हुने गरेको ।<br>• स्थानीय सरकारले समाजमा रहेको विभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बालविवाह, बहु विवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू संचालनगर्ने गरेको ।<br>• गाउँपालिकाले विपद व्यवस्थापन सम्वन्धी नीति निर्माण गर्दा लक्षित वर्गसंग छलफल गरी निर्माण गरेको । | इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्ने ।<br>• महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्दताहरूका बारेमा पालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अनुशिक्षण दिने<br>• लैङ्गिक हिँसा रहित पालिका घोषणाको लागि नीतिगत व्यवस्था गर्ने<br>• नया जनप्रतिनिधि र कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनको बारेमा अभिमुखीकरण गर्ने<br>• कानुन निर्माण प्रक्रियाको बारेमा कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा निर्माणको बारेमा अभिमुखीकरण गर्ने<br>• महिलाहरूको लागि संचालित कार्यक्रमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने । | आवश्क क्षमता बिकासका कार्यक्रम स्थानीय तह आफैले संचालन गर्न सक्ने,<br>• पालिकाले मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्न सक्ने<br>• समान तथा समावेशी सहभागिताका लागि जनप्रतिनिधी सकारात्मक रहनु र<br>• मानव संशाधन बिकासका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न पालिका प्रतिवद्ध रहेको छ ।<br>• गाउँपालिकाले आफनो श्रोतमा कार्यपालिका सदस्य, सभाको सदस्य र प्रमुख प्रशाकिय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुन निर्माण प्रक्रियाको बारेमा पालिकाले तालिम सञ्चाल गर्न सक्ने | • क्षमता बिकासका कार्यक्रम संचालन गर्न स्थानीय बिज्ञको अभाव रहेको ।<br>• पालिकाको लैससास बिकास सम्बन्धी कार्ययोजना नहुनु ।<br>• पालिकामा आबश्यक श्रोत साधन र दक्ष जनशक्तिको अभाव हुनु ।<br>• मानव संशाधन बिकासका लागि पर्याप्त बजेट बिनियोजन नहुनु । |
| सेवा प्रवाह | • गाउँपालिकाको भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लगत अनुमानतयार गर्दा महिला, बालबालिका, अपाङ्गता मैत्री बनाउन प्रारम्भ गरेको ।<br>• स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण | • गाउँपालिकाले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी बातावरण मैत्री आयोजना सञ्चालन गर्न बजेटमा प्राथमिकता दिने ।<br>• स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तन पानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था सम्वन्धी नीति बनाई कार्यान्वयन गर्ने | • सेवा प्रवाहका लागी आवश्यक जनशक्तिको व्यवस्था रहेको ।<br>• लैससासमैत्री सेवा प्रबाहका लागि कार्यनीति बनाई लागु गर्न सकेमा सेवामा समावेशी पहुँच बृद्धि हुने ।<br>• महिलामैत्री बतावरण निर्माणका लागि सार्बजनिक निकायमा स्तनपान कक्ष र लैंगिक मैत्री सौचालय व्यबस्थापन गर्न सकिने ।<br>• गरिवी नक्सांकन र बेरोजगार पहिँचान गरी तथ्यांक अद्यावधीक गरेमा | • कर्मचारी व्यवस्थापनको प्रयाप्त श्रोतको अभाव<br>• जनप्रतिनिधिहरुको पुर्वाधार विकासमा बढि चासो हुनु<br>• पालिकाले सेवा प्रवाहलाई लैससासमैत्री बनाउन जनप्रतिनिधिको प्रथामिकतामा नपर्नु,<br>• समुदाय तहमा लैससास सम्वन्धी जनचेतनाका कमि हुनु । |

| | | | | |
|---|---|---|---|---|
| | गर्दा लक्षित वर्गमैत्री निर्माण गरेको ।<br>• परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धीकार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएका । | • महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमाको प्रभाव मुल्यांकन गर्न<br>• अशिक्षित महिलाहरूको लागि प्रौढ तथा किशोरी कक्षाहरू सञ्चालन गर्नु पर्ने<br>• स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको कार्यक्रमहरुलाई बार्षिक योजना तथा कार्यक्रममा र बजेट विनियोजन गर्ने । | लैससासमैत्री योजना तथा बजेट निर्माणमा सहयोग पुग्ने लैससासमैत्री सेवा प्रणालीको बिकासका लागि जनप्रतिनिधीहरु सकारात्मक रहनु ।<br>• महिला स्वास्थ्य सुदृढिकरणका लागि पालिकाले महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी नीति ल्याउनु ।<br>• पालिकाले महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमाको प्रभाव मुल्यांकन गर्न सक्ने<br>• प्रौढ शिक्षा तथा किशोरी शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्ने,<br>• फोहोर व्यवस्थापनको लागि पालिकाले कार्यविधि बनाउन सक्ने<br>• बैदेशिक श्रममा जाने पहिलाहरुलाई आवश्यक पर्ने तालिम निशुल्क उपलब्ध गराउन सक्ने | • सामाजिक, आर्थिक, सास्कृतिक पछौटेपना कामयै रहुनु ।<br>• स्थानीय तहमा बिद्यमान कानुनी प्राबधानहरुको पुर्ण कार्यान्वयन गर्न नसकिएको ।<br>• बजार अनुगमन गरी महगी नियन्त्रण गर्न र सुपथ मुल्यको सहकारी पसल सञ्चालन गर्न स्थानीय जनप्रतिनिधिहरुको प्राथमिकतामा नपर्नु |
| सुशासन तथा उत्तरदायित्व | • स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको ।<br>• संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयनगर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गर्ने गरेको ।<br>• स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी | • पालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकारलाई सुनिश्चित गर्ने सुशासन प्रवर्द्धन कार्यविधि तयार गर्ने ।<br>• पालिकाले सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरणलाई नियमित गर्ने ।<br>• पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित वर्गले उठान गरेको सुझावलाई कार्ययोजन बनाई कार्यान्वयन गर्ने<br>• स्थानीय सरकारले समावेशीकरण तथा लैंगिक | • स्थानीय तहले भ्रष्टाचार सम्बन्धी कार्यविधि बनाई कार्य गर्न सक्ने ।<br>• सुचना प्रणाली लैससासमैत्री बनाउन सकेमा सबै सरोकारवाला लक्षित समुदायको सुचनामा पहुँच बृद्धि हुने ।<br>• लैंससासमैत्री कानुन बनाई लागु गर्न सकेमा लैससासमैत्री स्थानीय शासन अवलम्बन गर्न सकिने ।<br>• चौमासिकरुपमा सार्वजनिक सुनवाई गर्न सक्ने<br>• नियमित सार्वजनिक सुनुवाइमा लक्षीत बर्ग समुदायको सहभागिता सुनिश्चित गर्न सकेमा समयमै सवाल उठान भई | • स्थानीय तहले भ्रष्टाचार सम्बन्धी कार्यविधि बनाउन जनप्रतिनिधि र कर्मचारीको प्राथमिकतामा पर्न नसक्ने ।<br>• सुचना प्रणाली लैससासमैत्री बनाउन कम चासो<br>• स्थानीय तहमा भाषा विज्ञको अभाव<br>• समुदायमा समान बुझाईको अभाव<br>• सार्वजनिक सरोकारका सूचनाहरु सबै लक्षित बर्ग सम्म पुग्न नसक्नु ।<br>• जनचेतनामूलक अभियान कार्यक्रम संचालनका लागि |

| | | | | |
|---|---|---|---|---|
| | कार्यान्वयनमा ल्याएको ।<br>● स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको ।<br>● लैङ्गिक समानतातथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच बनेको सञ्जालमा कार्यगतछलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरेको ।<br>● लैङ्गिक समानतातथा समावेशी विकासको लागि बाल सञ्जाल र दलित प्रतिनिधिको क्षमता अभिबृद्धि गरेको | समानता सम्बन्धी सूचना प्रवाह र स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने ।<br>● गाउँपालिकाले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने ।<br>● गाउँपालिकाले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने । | सम्बोधनका लागि सहज हुने ।<br>● महिला, दलित, बालबालिका, जेष्ठनागरीक, अपांगहरुका लागि बिनियोजन गरेको बजेट सबै सरोकारवालाको जानकारीका लागि नियमित सार्बजनिक गर्ने गरेमा उनीहरुले प्रत्यक्ष लाभ लिन सहज हुने ।<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्न सक्ने | पर्याप्त बजेटको कमी ।<br>● पालिकाबाट सार्बजनिक गरिएका सुचना तथा जानकारीहरु सबै सरोकारवालाको पहुँच हुन नसक्नु ।<br>● लक्षित वर्ग समुदायलाई बिकास प्रक्रियामा सहजै सहभागि गराउन नसक्नु ।<br>● राष्ट्रिय कार्ययोजनाहरुलाई स्थानीयकरण गर्न स्थानीय तहमा विज्ञको अभाव |

## १२. लैससास विकास कार्ययोजना

**रम्भा गाउँपालिका**

**लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना**

फागुन, २०७९

| मूल शिर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने । नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| **पूर्णाङ्क** | **प्राप्ताङ्क** | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नीति, कानून र योजना २० | ० | लैससास मैत्री नीति निर्माण गर्न टोली निर्माण गर्ने | लैससास कार्यान्वयन समिति | गाउँपालिका | गाउँपालिका | असाढ २०८० | | √ |
| | ० | पालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी कुरा समावेश गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | असाढ २०८० | | √ |
| | ० | लैङ्गिक समानता र सामाजिक समावेशिकरण परिक्षण गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | पौष २०८० | | √ |
| | ० | पालिकामा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्न श्रम व्यवस्थापन कार्यविधि बनाउने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | माघ २०८० | बजेट विनियोजन गर्नु पर्ने | |
| | ० | आवधिक योजना र वार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | मंसिर २०८० | योजना शाखा | |
| | ०.५ | पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारणगर्दा महिला, बालबालिका, तथा | स्रोत अनुमान तथा बजेट सिमा | गाउँपालिका | गाउँपालिका | मंसिर २०८० | लैससास कार्यन्वयन समिति | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बञ्चितीकरणमा परेको समूहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने | निर्धारण समिति | | | | | |
| | ०.५ | पालिका, वस्तीस्तरबाटयोजना सूची संकलन गर्दा लक्षित समूहहरूको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकीकरण गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | जेष्ठ २०८० | | √ |
| | ०.५ | योजना तर्जुमागर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकतापहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | जेष्ठ २०८० | | √ |
| | ०.५ | योजना तर्जुमागर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | अषाढ २०८० | | √ |
| | ० | पालिकाले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानताप्राप्त गर्ने विषयलाई स्थानीयकरण गर्न बजेट विनियोजन गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | अषाढ २०८० | विज्ञ | |
| | ० | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका अपाङ्ग जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गकासमूहहरूसँग बसेर समस्या केलाउने ( विश्लेषण) गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | बैशाख २०८० | | √ |
| | ० | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण गर्न बजेटको व्यवस्था गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | अषाढ २०८० | | √ |
| | ० | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न | महिला तथा | गाउँपालिका | गाउँपालिका | अषाढ २०८० | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट व्यवस्था गर्ने | बालबालिका शाखा | | | | | |
| | ०.५ | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयैमा खर्च गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | असाढ २०८० | | √ |
| संस्थागत व्यवस्था<br>२० | ०.५ | १.१.पालिकाको निर्णायक तहमा (कर्मचारी।पदाधिकारी) महिलाहरूको समान रुपमा (५०।५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्न नीतिगत निर्णय गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | असोज २०८० | | √ |
| | ० | लैङ्गिक र समावेशीकरण मैत्री कर्मचारी भर्ना सम्बन्धी नियमावली बनाउने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | असोज २०८० | | √ |
| | ० | विषयगत शाखाका कर्मचारी सांकेतिक भाषाको तालिम प्रदान गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | कात्तिक २०८० | विज्ञ | |
| | ० | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि सकरात्मक विभेदको नीति निर्माण गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | श्रावण २०८० | विज्ञ | |
| | ०.५ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि पालिका लैससास रणनीति कार्यान्वयनमा ल्याउने | लैससास कार्यान्वयन समिति | गाउँपालिका | गाउँपालिका | बैशाख २०८० | | √ |
| | ०.५ | पालिकामा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी तद अनुसार कार्यशर्त र जिम्मेवारी सहितको पत्र दिने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | बैशाख २०८० | | √ |
| | ०.५ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट समानुपातिक प्रतिनिधित्वहुने व्यवस्था नीतिगत रुपमा गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | नियमितरुपमा | | √ |
| | ० | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | नियमितरुपमा | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने | | | | | | |
| | ०.५ | पालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरी कम्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने व्यवस्था गर्ने । | लेखा शाखा | गाउँपालिका | गाउँपालिका | नियमितरुपमा | | √ |
| | ० | पालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गर्ने गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | भाद्र २०८० | विज्ञ | |
| मानव संसाधन तथा क्षमता विकास २० | ० | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | असाढ २०८० | | √ |
| | ० | पालिकाको सबै पदाधिकारी र कमर्चारीहरू र लक्षित वर्गलाई प्रदान गरिएको लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्वन्धी तालिमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने | अनुगमन तथा मुल्यांकन समिति | गाउँपालिका | गाउँपालिका | नियमतिरुपमा | विज्ञ | |
| | ० | पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्ने । | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | असोज २०८० | | √ |
| | ०.५ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्दताहरूका बारेमा पालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अनुशिक्षण दिने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | असोज २०८० | विज्ञ | |
| | ० | लैङ्गिक हिँसा रहित पालिका घोषणाको लागि नीतिगत व्यवस्था गर्ने | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | अषाढ २०८० | विज्ञ | |
| | ० | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत केही जनप्रतिनिधिहरू तथा पालिकामा कार्यरत | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | मंसिर २०८० | विज्ञ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कर्मचारीहरुलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनको बारेमा अभिमुखीकरण गर्ने | | | | | | |
| | ० | स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा अभिमुखीकरण गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | पौष २०८० | विज्ञ | |
| | ०.५ | महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्वन्धी कार्यक्रमहरू संचालन नभएको र यसले महिलाको कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रमहरूको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने । | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | नियमितरुपमा | श्रोत व्यक्ति | |
| | ० | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायको सहभागितामा परिचालन गर्न कार्यविधि अद्यावधिक गर्ने । | विपत व्यवस्थापन समिति | गाउँपालिका | गाउँपालिका | वैशाख २०८० | थप बजेट | |
| सेवा प्रवाह २० | ०.५ | पालिकाले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न नीति तथा सकारात्मक | महिला तथा बालबालिका शाखा | गाउँपालिका | गाउँपालिका | जेष्ठ २०८० | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरूलाई योजना तथा बजेटमा प्राथमिकता दिने । | | | | | | |
| | ० | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था सम्वन्धी नीति बनाई कार्यान्वयन गर्ने | प्रशासन शाखा | गाउँपालिका | गाउँपालिका | जेष्ठ २०८० | | √ |
